# जनमत पार्टी

## संगठन निर्माण तथा संचालन  निर्देशिका

## २०७८ भाद्र

अद्यावधिक गरिएको: २०७८ भाद्र २८ गते

**I. जनवर्गीय तथा शुभेच्छुक संगठन सम्बन्धी:**

(क) जनमत पार्टीको जनवर्गीय तथा शुभेच्छुक संरचना पार्टी मूल समितिकै संरचनाकै ढाँचामा केन्द्रीय, प्रदेश, जिल्ला, क्षेत्रीय, पालिका, वडा तथा टोल स्तरसम्म हुनेछ।

(ख) सम्पूर्ण जनवर्गीय तथा शुभेच्छुक संगठनको गठन, विघटन तथा परिचालन गर्ने जिम्मेबारी सम्बन्धित तहको मूल समितिलाई नै हुनेछ। सोको काम, कर्तव्य र अधिकार स्पष्ट वा विस्तारले व्याख्या गर्नु परेमा सम्बन्धित तहको मूल समितिले गर्न सक्नेछ।

(ग) गैर-आवासीय मधेशी संघको संरचना सम्बन्धित देश अनुसारकै संरचनासँग तालमेल हुने गरी लागू गर्न सकिनेछ।

**II. विशेष समिति सम्बन्धी**

(क) कुनै पनि तहको मूल समितिले आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्नेछ। सम्पूर्ण **विशेष समितिहरूको** गठन, विघटन तथा परिचालन गर्ने जिम्मेबारी सम्बन्धित तहको मूल समितिलाई नै हुनेछ। सोको काम, कर्तव्य र अधिकार स्पष्ट वा विस्तारले व्याख्या गर्नु परेमा सम्बन्धित तहको मूल समितिले गर्न सक्नेछ।

(ख) तर अनुशासन समितिलाई मौखिक वा लिखित रूपमा सचेत गराउने वा केन्द्रीय अनुशासन समितिको ध्यानाकर्षण गराउने सम्मको मात्रै अधिकार हुनेछ। कुनै सदस्यलाई केन्द्रीय अनुशासन समिति बाहेकले कार्वाही वा निष्कासन गर्न सक्नेछैन।

(ग) आर्थिक समितिको अधिकार क्षेत्र केन्द्रीय कार्यकारिणी समितिले निर्देशित गरे बमोजिम सिमित हुनेछ।

**III. विभाग सम्बन्धी**

**(क)** आवश्यकता अनुसार हरेक तहले आफ्ना विभागहरू गठन गर्न सक्नेछन्। तिनीहरूको काम, कर्तव्य र अधिकार विषयमा वैधानिक तथा प्रचलित व्यवस्था तथा केन्द्रीय कार्यकारिणी समितिको निर्देशको प्रतिकूल नहुने गरी सम्बन्धित तहको मूल समितिले नै निर्देशित गर्नेछ।

**IV. वरिष्ठ नेतृत्व मण्डल र मधेश नेतृत्व पुञ्ज सम्बन्धी**

(क) वरिष्ठ नेतृत्व मण्डल र मधेश नेतृत्व पुञ्जमा पनि हाललाई जनवर्गीय संगठनकै जस्तै केन्द्रीय, प्रदेश, जिल्ला, क्षेत्रीय, पालिका, वडा तथा टोल स्तरसम्म संरचना लागू हुनेछ।

## V. बैठक सम्बन्धी

१. हरेक तहको कार्यकारिणी समिति बैठक तपसिल बमोजिम गरिनेछ। यसलाई केन्द्रीय कार्यकारिणी समितिको निर्णय वा अनुमति बिना बदल्न पाइनेछैन।

(क) **जिल्ला कार्यकारिणी पदाधिकारी / केन्द्रीय कार्यकारिणी पदाधिकारीको बैठक**: (**हरेक आइतबार**)

a. जिल्ला कार्यकारिणी पदाधिकारीको बैठकले जिल्लाको गतिविधिको बारेमा आवश्यक प्रस्तावहरू तथा कार्ययोजनाहरू तैयार गर्नेछ। केन्द्रीय कार्यकारिणी समितिले दिएका निर्देशहरू वा जिल्लामा पेश भएका अन्य प्रस्तावहरूमाथि समेत छलफल गरी महिनाको पहिलो सोमबार बस्ने जिल्लाको विस्तारित बैठकमा पेश गर्नका लागि तैयारी गर्नेछ।

b. केन्द्रीय कार्यकारिणी पदाधिकारीको बैठक पनि सोही समयमा भइराखेको हुनाले कुनै सुझाव वा निर्देशन आवश्य भएमा जिल्ला पदाधिकारीले बैठककै समयमा केन्द्रीय सचिवालयलाई फोन गरेर आएका समस्याहरूका बारेमा अवगत गराउने र उचित परामर्श तथा निर्देश लिन सक्नेछ।

(ख) **जिल्ला कार्यकारिणी समितिको** विस्तारित बैठक: हरेक महिनाको **पहिलो सोमबार**

a. विस्तारित बैठकमा जिल्ला कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरू रहनेछन्। पालिका अध्यक्षहरूलाई परामर्श तथा निर्देशका लागि आमन्त्रण गरिनेछ। यसमा जिल्लाका विशेष समिति, जनवर्गीय तथा शुभेच्छुक संगठन, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभागका अध्यक्षहरूलाई समेत आमन्त्रण गर्न सकिनेछ। यस बैठकले जिल्लाको एक महिनाको कार्ययोजना पारित गर्नेछ र अन्य आवश्यक निर्णयहरू गर्नेछ। नीतिगत वा विधानमा निर्देशित निर्णयहरू बाहेक सामान्यत: कार्ययोजना सम्बन्धी निर्णयहरू यही बैठकले गर्नेछ।

b. **जिल्ला समन्वय समितिको** बैठक हरेक महिना राख्न अव्यवहारिक देखिएको हुँदा सो ३-३ महिनामा मात्रै आयोजन गरिनेछ। **आश्विन, पौष, चैत्र, ज्येष्ठको पहिलो सोमबार** पूर्ण जिल्ला समन्वय समितिको पूर्ण बैठक राखिनेछ। जिल्ला समन्वय समितिले नीतिगत निर्णयहरू गर्नेछ।

(ग) पालिका कार्यकारिणी समिति बैठक: हरेक महिनाको पहिलो **मंगलबार**

(घ) वडा कार्यकारिणी समिति बैठक: हरेक महिनाको पहिलो **बुधबार**

२. माथिका बैठकहरू अत्यन्त विशेष परिस्थिति वा केन्द्रीय सचिवालयको निर्देश बाहेकको खण्डमा अनिवार्य बैठकहरू हुन्। त्यसबाहेक पनि आवश्यकता अनुसार बैठक सम्बन्धित समितिले नै निर्णय गरेर राख्न सक्नेछ, तर सो बैठकबारे स्पष्ट जानकारी सम्बन्धित सबैलाई उचित समयावधि अगावै सूचना दिनु पर्नेछ।

३. माथिका बैठकहरू पहिला नै निश्चित् भइसकेको हुनाले पदाधिकारीहरूले खबर भएन भनेर भन्न पाउनेछैन। बैठकको स्थान सकेसम्म सम्बन्धित तहको पार्टी कार्यालयमा वा सोको नजिकै राख्नुपर्नेछ। बैठक कहाँ राखेको हो सो सूचना पार्टी कार्यालयबाहिर पनि सबैले पढन सक्ने गरी टाँस्न लगाउनु पर्छ वा पार्टी कार्यालय नभए अन्य माध्यमबाट बैठकमा आउन योग्य सदस्यहरूमा सम्बन्धित भौगोलिक क्षेत्रमा सूचना प्रवाहित गर्नु पर्नेछ।

४. बैठक पहिला नै निश्चित् भइसकेको हुनाले मलाई सोधेर कहाँ गर्यो, मलाई बोलाउँदै बोलाएन, मलाई किन खबर गरेन भनेर मनोभाव पदाधिकारीहरूले राख्ने छैनन् र आफ्नो काम, कर्त्तव्य र अधिकारको दायराभित्र रहेर नै अपेक्षा गर्नेछ। जस्तै हरेक तहको मोर्चा र विभाग गठन, विघटन तथा परिचालनको अधिकार हाल सोही तहको मूलसमितिलाई दिएको हुनाले त्यसमा अरूले अनावश्यक रूपमा "मलाई सोधेर कहाँ गर्यो" भनेर अपेक्षा गर्नुहुँदैन।

## VI. सभा-सम्मेलन, आतिथ्यता तथा वरिष्ठता सम्बन्धी

१. पार्टीमा वरियताक्रम अनुसूची ग(अ) मा निर्धारित भए अनुसार हुनेछ। तर आयोजक अध्यक्षले विशेष परिस्थितिमा संगठनलाई प्रतिकूल नहुने गरी त्यसमा थपघट पनि गर्न सक्नेछ।

२. सभा वा बैठकको अतिथी निमन्त्रण सम्बन्धित तहकै कार्यकारिणी समितिले केन्द्रीय सचिवालयको अनुमोदनमा निर्धारित गर्नेछ। कुनै विवाद वा अन्य परिस्थिति सिर्जना हुने अवस्था देखिएमा केन्द्रीय सचिवालयले प्रस्तावित अतिथी फेरबदल गर्नसक्नेछ।

३. सामान्यत: पालिका वा सोभन्दा मुनिको तहको कार्यक्रममा हरेक माथिल्लो तहबाट एउटा मात्र अतिथी बोलाइनेछ।

४. कुनै पनि सभा सम्मेलन हुँदा मंचमा सम्बन्धित तहको समितिबाट महिला तथा दलित समुदाय मध्ये एक-एक अतिथी **वक्ताको रूपमा अनिवार्य अवसर** दिनु पर्नेछ।

५. जुन तहको बैठक वा सभा भइराखेको हो, त्यसमा सोही तहका पदाधिकारीहरूको आशनग्रहण हुनेछ। सो भन्दामाथिको समितिबाट प्राय: एउटा मात्रै प्रमुख वा विशेष अतिथि आमन्त्रित गरिनेछ। सोही आफ्नै तहमा घर रहेका समितिका सदस्यहरू उपस्थिति भएमा वरितयाक्रम अनुसार आशनग्रहण गर्न सकिनेछ। जस्तै गाउँपालिका तहको सभा/बैठक भइराखेको छ भने सोही गाउँपालिका घर भएका अन्य समितिका पदाधिकारी/सदस्यहरूलाई वरियताक्रमअनुसार स्थान दिइनेछ।

## VII. जिल्ला संगठन कार्यविधि सम्बन्धी

१. जिल्लामा निम्नानुसार निर्णयलाई कार्यान्वयन गर्न प्राथमिकता दिने (केन्द्रिय कार्यकारिणी समिति वा अध्यक्षको निर्देश बाहेकको अवस्थामा):

(क) जिल्ला समन्वय समितिको पूर्ण बैठकद्वारा पारित निर्णय

(ख) त्यो छैन भने जिल्ला कार्यकारिणी समिति बैठकद्वारा पारित निर्णय

(ग) त्यो छैन भने कार्यकारिणी पदाधिकारीहरूको निर्णय

(घ) त्यो पनि छैन भने जिल्ला अध्यक्षको निर्णय,

तर लगत्तै बस्ने जिल्ला कार्यकारिणी पदाधिकारीको बैठकमा निर्णयको अनुमोदन गराउनु पर्नेछ।

२. जिल्लामा रहेका केन्द्रिय सदस्य वा अन्य केन्द्रिय पदाधिकारीहरू अतिथी/सल्लाहकार/संरक्षकको रूपमा तटस्थ समन्वयकारी भूमिका मात्रै निर्वाह गर्नेछ। जिल्ला कार्यकारिणी समितिले नै आ-आफ्नो जिल्ला चलाउनेछ।

*३.* बैठकहरूको सामान्य मिति यही निर्देशिकाले तोके बमोजिम हुनेछ। तर आवश्यक देखिएको अवस्थामा जिल्ला अध्यक्षले जिल्ला कार्यकारिणी समितिको बैठक बोलाउन सक्नेछ।

*४.* जिल्ला कार्यकारिणी समितिको बैठकमा कुनै प्रस्ताव पेश गर्न सो प्रस्ताव लिखित रूपमा जिल्ला पदाधिकारीको बैठकमा पेश गरेको हुनुपर्नेछ र पदाधिकारीको बैठकले सम्पूर्ण प्रस्तावहरू संकलन गरी पारित हुनका लागि जिल्ला कार्यकारिणी समितिको बैठकमा पेश गर्नेछ।


५. जिल्ला समन्वय समितिको बैठकले नीतिगत निर्णयहरू मात्रै गर्नेछ। अन्य कार्यक्रम तथा गतिविधिहरूको विषयमा निर्णय जिल्ला कार्यकारिणी समिति वा जिल्ला पदाधिकारीको बैठकले नै गर्नेछ।

६. पार्टीको कुनै पनि रजिस्टर, माइन्यूट, सदस्यता ठेली आदि कानूनी दस्तावेज हो। त्यसमा कसैले अनधिकृत रूप फेरबदल गर्नुहुँदैन र रजिस्टर, माइन्यूट, सदस्यता ठेली आदिको संरक्षण गर्नु सबै पदाधिकारीहरूको कानूनी दायित्व समेत हो।


७. केन्द्रद्वारा बोलाइएका वा जिल्लामा राखिएका बैठकहरूमा सही समयमा उपस्थित हुनु, तैयारीका साथ उपस्थित हुनु, व्यवस्थित शान्तिपूर्ण तरीकाले बैठक संचालन गर्नु र समापन गर्नु सबै पदाधिकारीको दायित्व हो।

८. पार्टीलाई उपलब्ध गराएको नम्बरमा नै सम्पूर्ण पदाधिकारीहरूले WhatsApp अनिवार्य खोल्नु पर्नेछ। साथै निर्देशन अनुसार zoom meeting आदिको लागि पनि तैयार रहनुहोला।

**अनुसूची (क): जनमत पार्टीको विशेष समिति तथा विभागको संरचना**



**अनुसूची (ख): जनमत पार्टीको जनवर्गीय, भातृ, शुभेच्छुक तथा अन्य संगठनको संरचना**



**अनुसूची (ग): जनमत पार्टीको वरियताक्रम**

अ. पार्टीको विभिन्न तहमा वरियताक्रम तपसिल बमोजिम हुनेछ।

१ केन्द्रीय कार्यकारिणी समिति सदस्य

२ स्थायी समिति सदस्य

३ राष्ट्रीय परिषद्का अध्यक्ष

४ केन्द्रीय समिति सदस्य

५ केन्द्रीय विशेष समितिका अध्यक्ष

६ प्रदेश कार्यकारिणी समिति पदाधिकारी

७ वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू (क्रमानुसार)

८ राष्ट्रीय परिषद्का सदस्य

९ प्रदेश समिति सदस्य

१० केन्द्रीय विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका सदस्यहरू

११ जिल्ला कार्यकारिणी समिति पदाधिकारीहरू

१२ प्रदेश विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू

१३ जिल्ला कार्यकारिणी समिति सदस्यहरू

१४ प्रदेश विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

१५ प्रदेश समन्वय समिति सदस्यहरू

१६ प्रदेश विभाग, मोर्चाका सदस्यहरू

१७ पालिका कार्यकारिणी पदाधिकारी

१८ जिल्ला विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू

१९ पालिका कार्यकारिणी सदस्य

२० जिल्ला विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

२१ जिल्ला समन्वय समिति सदस्यहरू

२२ जिल्ला विभाग, मोर्चाका सदस्यहरू

२३ वडाका कार्यकारिणी पदाधिकारी

२४ पालिका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू

२५ वडाका कार्यकारिणी सदस्यहरू

२६ पालिका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

२७ पालिका विभाग, मोर्चाका  सदस्यहरू

२८ बूथका कार्यकारिणी परिचालक, सहपरिचालक

२९ वडाका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू

३० बूथका समिति सदस्यहरू

३१ वडाका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

३२ वडाका विभाग, मोर्चाका  सदस्यहरू

३३ बूथका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू

३४ बूथका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

३५ बूथका विभाग, मोर्चाका  सदस्यहरू

**नोट:** माथिल्लो समितिद्वारा तोकिएको इन्चार्जको वरियताक्रम जुन तहको इन्चार्ज तोकेको हो सो तहको अध्यक्षभन्दा ठीकमाथि हुनेछ।

आ. विभिन्न तहका सभा, सम्मेलन वा बैठकहरूमा तपसिल बमोजिम सदस्यहरूको आतिथ्यता ग्रहण गराइनेछ।

१. जुन मूल समिति वा मोर्चा/भातृसंगठन/शुभेच्छुक संगठनको सभा हो, सामान्यत: त्यसकै अध्यक्षले अध्यक्षता गर्नेछ।
२. जुन मूल समिति वा मोर्चा/भातृसंगठन/शुभेच्छुक संगठनको सभा हो, सोही स्तरको सोही समितिलाई मञ्चमा आसनग्रहणमा प्राथमिकता दिइनेछ।
३. जुन जिल्ला, क्षेत्र, पालिका, वडा वा बूथ तहको सभा हो, सोही भौगोलिक क्षेत्रका कुनै तहको समितिका स्थानीय बासिन्दा उपस्थित भए वरीयताक्रम हेरी अनुसार उनीहरूलाई आतिथ्यताको स्थान दिइनेछ।

उदाहरणको लागि:

**(क) केन्द्रीय स्तरमा**

केन्द्रीय स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम १(क) बमोजिम हुनेछ।

अध्यक्षता: केन्द्रीय अध्यक्ष
केन्द्रीय कार्यकारिणी समिति सदस्य
स्थायी समिति सदस्य
राष्ट्रीय परिषद्का अध्यक्ष

केन्द्रीय  विशेष समितिका अध्यक्ष
केन्द्रीय समिति सदस्य
वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू (क्रमानुसार)
राष्ट्रीय परिषद्का सदस्यहरू
केन्द्रीय विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,   विभाग, मोर्चाका  सदस्यहरू

(ख) प्रदेश स्तरीय
प्रदेश स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

प्रदेश कार्यकारिणी समिति सदस्य
प्रदेश विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू
प्रदेश विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू
प्रदेश समन्वय समिति सदस्यहरू
प्रदेश विभाग, मोर्चाका  सदस्यहरू

(ग) जिल्ला स्तरीय
जिल्ला स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

जिल्ला कार्यकारिणी समिति पदाधिकारीहरू
जिल्ला विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू
जिल्ला कार्यकारिणी समिति कार्यकारिणी सदस्यहरू
जिल्ला विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू
जिल्ला समन्वय समिति सदस्यहरू
जिल्ला  विभाग, मोर्चाका  सदस्यहरू
तथा सोही जिल्लाका निवासी पदाधिकारीहरू उपस्थित भए वरियताक्रमअनुसार राख्ने।

(घ) क्षेत्र स्तरीय
क्षेत्र स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

क्षेत्रीय कार्यकारिणी समिति पदाधिकारीहरू
क्षेत्रीय विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज,  विभाग, मोर्चाका अध्यक्षहरू
क्षेत्रीय समितिका सदस्यहरू
क्षेत्रीय विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू

क्षेत्रीय विभाग, मोर्चाका  सदस्यहरू
तथा सोही क्षेत्र निवासी पदाधिकारीहरू उपस्थित भए वरियताक्रमअनुसार राख्ने।

(ङ) पालिका स्तरीय
पालिका स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

पालिका कार्यकारिणी पदाधिकारीहरू
पालिका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू
पालिका सदस्यहरू
पालिका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू
पालिका विभाग, मोर्चाका सदस्यहरू
तथा सोही पालिका निवासी पदाधिकारीहरू उपस्थित भए वरियताक्रमअनुसार राख्ने।

(च) वडा स्तरीय
वडा स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

वडाका कार्यकारिणी पदाधिकारीहरू
वडाका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू
वडाका सदस्यहरू
वडाका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू
वडाका विभाग, मोर्चाका सदस्यहरू
तथा सोही वडाका निवासी पदाधिकारीहरू उपस्थित भए वरियताक्रमअनुसार राख्ने।

(छ) बूथ स्तरीय
बूथ स्तरको सभा, सम्मेलन वा बैठकको प्रयोजनको लागि वरियताक्रम तपसिल बमोजिम हुनेछ।

बूथका कार्यकारिणी पदाधिकारीहरू
बूथका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज, विभाग, मोर्चाका अध्यक्षहरू
बूथका कार्यकारिणी सदस्यहरू
बूथका विशेष समिति, वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्जका सदस्यहरू
बूथका विभाग, मोर्चाका सदस्यहरू